मिति २०७९ पौष १२ गते गाउँ कार्यपालिका बैठकमा छलफलको विषयबस्तुहरु

आज मिति २०७९/०९/१२ गते मंगलवार बेलुका ४ बजे आ.व.०७९/८० को यस मनहरी गाउँ कार्यपालिकाको आठौं बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो।

## उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाखिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री अन्जना सुवेदी

प्रशासन शाखा प्रमुख

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

२०७९ पुष महिनाको १२ गतेको आठौं कार्यपालिका बैठकको छलफलका विषयहरु:

१. विगतको निर्णयको समीक्षा ।

२. गाउँपालिकाभित्र ठेक्कामा सञ्चालित विभन्न योजनाका सम्झौता अवधि थप सम्बन्धमा ।

३. दलित समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७५ संशोधन सम्बन्धमा ।

४. समपुरक तथा विशेष योजना माग गर्ने सम्बन्धमा ।

५. गाउँपालिका तथा प्रदेश सरकारको समपुरक अनुदानमा सञ्चालन हुने रुपाचुरी फरिवाङ सडकको प्रारम्भिक वातावरणीय परीक्षण गर्ने सम्बन्धमा ।

६. बालमैत्री सहजकर्ताको भर्ना सम्बन्धमा ।

७. औदयोगिक ग्राम निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन सम्बन्धमा ।

८. गाउँपालिका अन्तर्गत विभिन्न निकायमा कर्मचारी रिक्त भएको सम्बन्धमा ।

९. ढुङ्गा, गिटी बालुवाको विक्री शुल्क संकलन सम्बन्धमा ।

१०. विपदजन्य घटनाबाट क्षति भएका संरचना तथा सामग्री सम्बन्धमा ।

११. लागत सहभागिताका योजना सञ्चालन सम्बन्धमा ।

१२. गरिवसंग विश्वेश्वर शैक्षिक सहयोग कार्यक्रम सम्बन्धमा ।

१३. स्काउट क्याम्पको लागि आर्थिक सहयोग सम्बन्धमा ।

१४. गाउँसभाको बाह्रौ अधिवेशन सम्बन्धमा ।

१५. मनहरी बहुमुखी क्याम्पस सञ्चालनको लागि शैक्षिक अनुदान सम्बन्धमा ।

१६. गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि तयार भएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धमा ।

आठौं गाउँ कार्यपालिका बैठक

**निर्णयहरु :**

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा विगतमा भएका गाउँ कार्यपालिकाको अधिकांश निर्णय कार्यान्वयन भइसकेका र केही निर्णय कार्यान्वयनको चरणमा रहेको समीक्षा गरियो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा देहायका ठेक्काहरुका निर्माण कार्य निर्माण सामग्रीको उपलब्धतामा कठिनाई, प्रतिनिधि/प्रदेश सभा सदस्य निर्वाचन, चाडपर्व जस्ता विविध कारणले समय सीमा भित्र कार्य सम्पन्न हुन नसकेकाले उक्त योजनाहरुको म्याद थपको लागि निवेदन प्राप्त भएको हुँदा देहाय बमोजिम म्याद थप गरी तिब्र कार्य समाप्तिका निम्ति निर्देशन दिने निर्णय गरियो ।

देहाय

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायी | म्याद रहेको अन्तिम मिति | समयावधी माग हुन आएको | थप गरिएको समयावधि |
|---|---|---|---|---|---|
| १. | मसिने खोला पूल, ट्वाङ्ग्रा खोला पूल, च्यापल खोला पूल | हिराचन बानिया जे. भि. | २०७९।०९।२७ | २०८०।०३।३० | २०८०।०३।३० |
| २. | हाँडी खोला पूल | भैरब -नारायणम ज्ञानेश जे भी. | २०७९।०८।७ | २०८०।०३।३० | २०८०।०३।३० |
| ३. | जोगिताल सुनाचुरी बोरिंग खानेपानी योजना | एसियन बोरिंग एण्ड कन्स्ट्रक्सन प्रा.लि. | २०७९।०६।३१ | २०७९।११।२५ | २०७९।११।३० |
| ५. | सामुदायिक स्वास्थ्य ईकाई भवन वडा नं १,२,४,५,८ र ९ | गुरुकूल बिल्डर्स | २०७९।०८।१५ | २०७९।११।२५ | २०७९।१२।३० |
| ६. | डिल्लिपुर सडक स्तरीकरण | रिहान निर्माण सेवा | २०७९।०९।२५ | २०७९।११।२५ | २०७९।११।३० |

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा संलग्न दलित समन्वय समिति (गठन तथा कार्यसञ्चालन) कार्यविधि, २०७५ को दफा ३ मा रहेको समिति गठनमा समसामयिक संशोधन गरी नियमानुसार राजपत्रमा प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा नेपाल सरकार, राष्ट्रिय योजना आयोगले मिति २०७९।०८।१९ मा प्रकाशन गरेको सूचना बमोजिम समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७७ बमोजिम यस गाउँपालिकामा आगामी आर्थिक बर्ष

२०८०।०८१ मा कार्यान्वयन हुने गरि तपसिलका आयोजना/ कार्यक्रमहरु स्वीयकृतिका लागि प्रस्ताव गरि पठाउने निर्णय गरियो ।

**क. समपुरक अनुदान तर्फ**

१. मानेडाँडा रमौली जाने सडक स्तरीकरण वडा नं. ७

२. बसपार्क निर्माण वडा नं. ८

३. लामिटार चकरी मकरी सडक स्तरीकरण वडा नं. १ र ३

४. दर्दरा डिल्लीपुर सडक वडा नं. ५

५. लोथर फरिवाङ राक्सिराङ सडक वडा नं. ६

**ख. विशेष अनुदान तर्फ**

१. माथिल्लो मसिने खानेपानी आयोजना वडा नं. ४

२. केदारेश्वर खानेपानी आयोजना वडा नं. ९

३. डोठे सुकौरा खानेपानी आयोजना वडा नं. ३

५. प्रस्ताव नं. ५ माथि छलफल गर्दा गाउँपालिका तथा प्रदेश सरकारको समपुरक अनुदानमा सञ्चालन हुने रुपाचुरीं फरिवाङ सडक स्तरोन्नती गर्दा जंगलको भाग समेत पर्ने भएकोले हुँदा प्रारम्भिक वातावरणीय प्रतिवेदन तयार गर्न परामर्श सेवा खरिद शिर्षकबाट रु. ५,००,०००। विनियोजन गरि परामर्श सेवा खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

६. प्रस्ताव नं. ६ माथि छलफल गर्दा बालमैत्री गाउँपालिका घोषणा भएको यस गाउँपालिकामा बालबालिका सम्बद्ध गतिविधि सञ्चालन गर्न, बाल विवाह तथा बालश्रम रोकथाम गर्ने लगायतका गतिविधि सञ्चालन गर्न साविक मनहरी गा.वि.स. मा १ जना र साविक हाँडखोला गा.वि.स. मा १ जना गरी २ जना बालमैत्री सहजकर्ता ज्यालादारीमा भर्ना गरी कामकाजमा लगाउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ७ माथि छलफल गर्दा वागमती प्रदेश सरकार, उद्योग, वन तथा वातावरण मन्त्रालयको लगानीमा यस गाउँपालिकाको वडा नं ६ को जोगीताल खयरघारी क्षेत्रमा निर्माण हुन लागेको औदयोगिक ग्रामको लागि पूर्वमा लामिदमार सामुदायिक वन, पश्चिमममा लोथर खोला उत्तरमा ऐलानी जग्गा र दक्षिणमा राप्ती खोला सीमा भित्रको चार किल्ला कायम हुने गरी ६ नं.

मनहरी गाउँ कार्यपालिका बैठक

वडा समितिको मिति २०७९।०८।१८ को निर्णयलाई सदर गर्दै सो कोठा निर्माणमा कार्यालयले आवश्यक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

८. प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका तपसिल बमोजिमका निकायमा विभिन्न कारणले कर्मचारी रिक्त भइ सेवा प्रवाहमा असर परेको हुँदा नियमानुसार पद पूर्तिको लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

| क्र.सं. | पद रिक्त निकाय | पदनाम | किसिम | कैफियत |
|---|---|---|---|---|
| १. | १ नं. वडा कार्यालय | सहायक कम्प्युटर अपरेटर | ज्यालादारी | |
| २. | मदन भण्डारी आधारभूत स्वास्थ्य इकाइ वडा नं. ९ | अ.न.मि. | करार | |

९. प्रस्ताव नं. ९ माथि छलफल गर्दा मिति २०७९ भाद्र १७ गते बसेको कार्यपालिका बैठकवाट रजैया तथा लोथर कर संकलन केन्द्रहरुवाट अमानतमा संकलन भैरहेको नदीजन्य पदार्थ ढंगा, गिट्टी, बालुवाको कर संकलन कार्यमा सफ्टवेयर प्रयोग गरी अनलाईन विल जारी गर्ने निर्णय भएकोमा दक्ष जनशक्तिको अभाव, पावर ब्याकअपको समस्या तथा कम्प्यूटर लगायतका उपकरणहरुको सुरक्षा ब्यवस्था कमजोर भएका कारण अर्को व्यवस्था नभए सम्म साविक बमोजिम नै रसिद छपाई गरि अमानतमा कर संकलन कार्यलाई निरन्तरता दिन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१०. प्रस्ताव नं. १० माथि छलफल गर्दा गत वर्षायाममा विपदजन्य घटनाबाट क्षति भएका गाउँपालिकाभित्रका तपसिलको संरचना, सामग्री तथा व्यक्तिगत सम्पत्ति मर्मत सुधार तथा पुनस्थापनाको लागि विपद् व्यवस्थापन कोषबाट तपसिल बमोजिम उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | विपदबाट भएको क्षति | सम्बद्ध व्यक्ति /स्थान | गर्नुपर्ने | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | चकरी खोला बाढीले खोलिएर आवत जावतमा कठिनाई | वडा नं. १ | २ वटा ह्युम पाइप हाल्नुपर्ने | २,८३,६५९। | |
| २. | मकरी खोला बाढीले खोलिएर | वडा नं. १ | ४ वटा ह्युम पाइप | | |

| | आवत जावतमा कठिनाई | | हाल्नुपर्ने | | |
|---|---|---|---|---|---|
| ३. | घर र गोठ पूर्ण रुपमा क्षति | जयबहादुर घ्याबा तामाङ वडा नं. २ | नयाँ घर बनाउनु पर्ने भएकोले राहत | २०,०००। | |
| ४. | घरमुनिको ढिस्को भत्किएर घर जोखिममा परेको | शंकर अधिकारी वडा नं. ३ | घर संरक्षण गर्नुपर्ने भएकोले राहत | १०,०००। | |
| ५. | प्रतापपुर ६ मिटर सडक वर्षाका कारण क्षतिग्रस्त | वडा नं. ६ | ३ वटा ह्युम पाइप हालेर अस्थायी सडक सुचारु गर्नुपर्ने | ४७,३८७। | |
| ६. | चट्याङका कारण विद्यालयको कम्प्युटर १, प्रिन्टर १ तथा सिलिङ फ्यान ६ थान नचल्ने भएको | ब्रम्हकाली आधारभूत विद्यालय मनहरी ७, रमौली | उपरोक्त सामग्री खरिद गरी हस्तान्तरण गर्ने | १,१८,५७६। | प्राविधिक लागत अनुमान बमोजिम |
| ७. | बाढी तथा भेलका कारण लोथर बजारमा फोहोर यत्रतत्र छरिएको | मनहरी ६ | फोहोर संकलनको लागि सिमेन्ट रिङ राखी थुपार्नुपर्ने | ४५,०००। | |

११. प्रस्ताव नं. ११ माथि छलफल गर्दा गाउँ सभाको अधिवेशनबाट लागत सहभागिताका योजना सञ्चालनको लागि बजेट ब्यवस्था भएको र सो को लागि न्यूनतम लगानीमा अधिकतम प्रतिफल प्राप्त हुने आयोजना पेश गर्ने गरि सात दिने सार्वजनिक सूचना आव्हान गर्न गाउँपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

१२. प्रस्ताव नं. १२ माथि छलफल गर्दा गाउँपालिकाले यस आर्थिक बर्षमा विपन्न विद्यार्थीहरुको लागि शैक्षिक सहयोग प्रदान गर्ने उद्येश्यले विनियोजन गरिएको गरिबसंग विशेश्वर शैक्षिक सहायता कोषबाट शिक्षण शुल्क यस अघि जुनसुकै स्थानका शैक्षिक संस्थामा अध्ययन गरिरहेका मनहरी गाउँपालिका निवासी विद्यार्थीलाई सहयोग गर्दै आएकोमा २०७९।०९।१३ बाट मनहरी

गाउँपालिका क्षेत्र बाहिरका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई उपलब्ध नगराउने निर्णय गरियो ।

१३. प्रस्ताव नं. १३ माथि छलफल गर्दा मनहरी ओपन स्काउट क्रयु मनहरी ७ मकवानपुरलाई युवाहरुलाई जीवन उपयोगी सीप र दक्षाता वृद्धि गर्नको लागि आर्थिक सहायता स्वरुप रु १५०००। आर्थिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१४. प्रस्ताव नं. १४ माथि छलफल गर्दा मनहरी गाउँपालिका गाउँसभाको बाह्रौं अधिवेशन मिति २०७९ पौष २९ गते लामिटार स्थित सभाहलमा आयोजना गर्ने निर्णय गरियो ।

१५. प्रस्ताव नं. १५ माथि छलफल गर्दा गाउँपालिकाको एकमात्र सामुदायिक क्याम्पसको रुपमा रहेको मनहरी बहुमुखी क्याम्पस सञ्चालन तथा शिक्षक तलब भत्ता व्यवस्थापनको लागि कहीं कुनै निकायबाट रकम उपलब्ध हुन नसक्ने र विद्यार्थीहरुबाट समेत सो को व्यवस्थापन गर्न सकिने गरि शैक्षिक शुल्क प्राप्त नहुने र क्याम्पसको आफ्नै कुनै आर्थिक श्रोत नभएको कारण क्याम्पसकलाई शैक्षिक अनुदान स्वरुप जनतासंग अध्यक्ष विकास कार्यक्रमबाट रु. ७,५०,०००। र जनतासग उपाध्यक्ष विकास कार्यक्रमबाट रु. ७,५०,०००। गरी रु १५,००,०००। उपलब्ध गराउने सम्बन्धमा निर्णय गरियो ।

१६. प्रस्ताव नं. १६ माथि छलफल गर्दा गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि यस गाउँपालिकाको वडा नं. ९ मा रकेको हरियाली सामुदायिक वनको क्षेत्रमा पाराम्भिक वातावरणीय परीक्षण तयार गरि गाउँ कार्यपालिकाको बैठकले स्वीकृत गरेकोमा उक्त प्रतिवेदन स्वीकृत एवम् समर्थनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा प्रतिवेदन संलग्न गरी पठाउने निर्णय गरियो ।

उपरोक्त निर्णयहरु छलफल गरी सर्वसम्मत निर्णय गरियो ।

आठौं गाउँ कार्यपालिका बैठक